जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ८० पृष्ठः ४ | २०८३ असार ३२ बिहीबार (Thursday 16 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# मधेस प्रदेश सभा : भत्ता र इन्धनमै करोडौं खर्च, तीन वर्षमा १६ वटा कानुन निर्माण



**सुभाष कर्ण**

जनकपुरधाम, ३१ असार। मधेश प्रदेश प्रदेशसभाको दोश्रो कार्यकालमा कामभन्दा बढी सेवा सुविधामा पदाधिकारी तथा सदस्यहरु सक्रिय देखिएका छन्। ठूलो धनराशी खर्चिएका मधेश प्रदेश सभाले कानुन निर्माण निकै सुस्त निस्क्रिय जस्तै देखिएका छन्। प्रदेशसभा सचिवालयका अनुसार पछिल्ला गत तीन आर्थिक वर्षमा पदाधिकारीहरूको इन्धन सुविधामा दुई करोड १४ लाख २९ हजार ६१६ रुपैयाँ खर्च भएको छ भने गाडी मरम्मत सम्भारमा मात्रै एक करोड ९० लाख २९ हजार ४५९ रुपैया खर्चेको छ।

प्रदेश सभाले उपलब्ध गराएको तथ्यांक अनुसार इन्धनतर्फ आर्थिक वर्ष २०८०/८१ मा ६७ लाख पाँच हजार ५९२ रुपैयाँ, आव २०८१/८२ मा ८० लाख २१ हजार ७८४ रुपैयाँ र आव २०८२/८३ मा ६७ लाख दुई हजार २४० रुपैयाँ खर्च गरिएको छ। गाडी मर्मततर्फ आव २०८०/८१ मा ६५ लाख सात हजार ६९२ रुपैयाँ, आव २०८१/८२ मा ७३ लाख रुपैयाँ र आव २०८२/८३ मा ५२ लाख २१ हजार ७६७ रुपैयाँ खर्च भएको सचिवालयले उपलब्ध गराएको खर्च विवरणमा उल्लेख छ। माथि उल्लेखित यी नियमित खर्च हुन्।

प्रदेशसभा सचिवालयका अनुसार प्रदेशसभामा ३९ वटा गाडी सेवासुविधामा परिचालित छन्। तीमध्ये सात वटा चालु अवस्थामा छैनन्। बाँकी गाडी सभामुख, उपसभामुख, सचिव, दलका संसदीय दलका नेता, दलका प्रमुख सचेतक र विषयगत समितिका सभापतिहरूले प्रयोग गरिरहेका छन्। सभामुख रामअशिष यादवले एउटा गाडी प्रयोग गर्दै आएका छन् भने उनको पछुवा र सचिवालयका लागि एक/एकवटा गाडी दिइएको छ। उपसभामुख बबिता राउत ईसरले सचिवालयसहित दुई वटा गाडी प्रयोग गर्दै आएकी छन्।

यस्तै विषयगत सातवटै समितिका सभापति, संसदीय दलका नेता, प्रमुख सचेतक समेतले एउटा/एउटा गाडी लिएका छ्न्। निवर्तमान सभामुख रामचन्द्र मण्डल समेतले एउटा गाडी

**-बाँकी तीन पेजमा**

# डिप्रेसनमा रहेका गरुडाका २८ वर्षीय सहानीद्वारा आत्मदाहको प्रयास, कीर्तिपुर बर्न अस्पतालमा 'रिफर'

रौतहट, ३१ असार। गरुडा नगरपालिका-९ गम्हरियाका २८ वर्षीय गौतमकुमार सहनीले शरीरमा पेट्रोल खन्याएर आगो लगाइ आत्मदाहको प्रयास गरेका छन्। गरुडा नपा-९ का वडाध्यक्ष राजेश सहनीका अनुसार केही समयदेखि मानसिक तनाव तथा 'डिप्रेसन'बाट पीडित स्थानीय युवाले आफ्नै मोटरसाइकलबाट पेट्रोल निकालेर शरीरमा खन्याइ मङ्गलबार राति आत्मदाहको प्रयास गरेका हुन्।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वसन्त गौतमले सहनीको घाँटीभन्दा मुनिको करिब ३५ प्रतिशत भाग जलेको अवस्थामा स्थानीय चिकित्सकको सल्लाहबमोजिम थप उपचारका लागि काठमाडौँतर्फ पठाइएको छ। घाइते युवा डिप्रेसनको समस्यामा रहेको भन्ने प्रारम्भिक जानकारी प्राप्त भएको उल्लेख गर्दै जिल्ला प्रहरी प्रवक्ता गौतमले निजको विस्तृत जानकारीसहित घटनाका विषयमा थप अनुसन्धान भइरहेको बताउनुभयो।

शरीरमा पेट्रोल खन्याइ आगो लगाएको थाहा पाउनासाथ परिवारका सदस्यले उनलाई उपचारका लागि राति नै गरुडास्थित बेटर नेपाल अस्पताल पुर्‍याएका थिए। सो अस्पतालमा प्राथमिक उपचार गरेपछि चिकित्सकको सल्लाहअनुसार थप उपचारका लागि काठमाडौँ कीर्तिपुरस्थित बर्न अस्पताल 'रिफर' गरिएको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ। वडाध्यक्ष सहानीका अनुसार घाइते युवा श्रीमतीसहित तीन छोरासँगै गरुडा बजारस्थित झाझ पुलनजिक छाप्रे होटल सञ्चालन गरी जीविकोपार्जन गर्दै आएका थिए।

# केमिकल अभावले गजेन्द्रनारायण सिंह अस्पतालको प्रयोगशाला सेवा प्रभावित

**सुधा देव**

सप्तरी, ३१ असार। सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा प्रयोगशालाका लागि आवश्यक केमिकल अभाव भएपछि पाँच दिनदेखि विभिन्न ल्याब परीक्षण सेवा प्रभावित भएका छन्। त्यसका कारण बिरामीहरू निजी प्रयोगशालामा चर्को शुल्क तिरेर परीक्षण गराउन बाध्य भएका छन्। आवश्यक केमिकल नहुँदा अस्पतालमा




उपचारका लागि आउने बिरामीले आवश्यक प्रयोगशाला परीक्षण गराउन सास्ती खेप्नुपरेको भन्दै बिरामी तथा उनीहरूका आफन्तले गुनासो गरेका छन्।

अस्पतालको प्रयोगशालामा सिबिसी, थाइराइड, सिआरपी क्वान्टिटेटिभ, सिके-एमबी, सिपिके तथा एमाइलेजलगायतका परीक्षण सेवा बन्द रहेको बिरामीहरूले बताएका छन्। अस्पतालमा थाइराइड परीक्षण हुन नसकेपछि निजी प्रयोगशालामा गएर महँगो शुल्क तिरेर परीक्षण गराउनुपरेको राजविराज नगरपालिका-२ की ७५ वर्षीया सावित्रीदेवी देवले बताउनुभयो।

उहाँले अस्पतालजस्तो संवेदनशील संस्थामा आवश्यक केमिकल अभाव हुँदा बिरामीले आधारभूत परीक्षणसमेत गराउन नपाउनु दुःखद भएको बताउनुभयो। गजेन्द्रनारायण सिंह अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट ( मेसु) डा. वीरेन्द्र मण्डलले आवश्यक केमिकल अभावका कारण केही परीक्षण सेवा प्रभावित भएको स्वीकार गर्नुभयो। उहाँले भन्नुभयो, "केही प्राविधिक कठिनाइका कारण यस्तो समस्या उत्पन्न भएको हो। आवश्यक सामग्री खरिदको प्रक्रिया अघि बढिसकेको छ। छिट्टै केमिकल उपलब्ध गराई प्रभावित सबै प्रयोगशाला सेवा पुनः सञ्चालन गर्ने छौँ।"




## लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।
- सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## विशेषज्ञ सेवा विस्तारसँगै लाइफ लङ्ग हस्पिटलप्रति बढ्दो भरोसा

नेपालका ग्रामीण तथा अर्धशहरी क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा अझै पनि चुनौतीकै विषय बनेको छ। विशेषज्ञ चिकित्सकको अभाव, अत्याधुनिक उपचार सुविधाको कमी र सामान्य उपचारका लागि समेत ठूला सहर धाउनुपर्ने बाध्यताले सर्वसाधारणलाई आर्थिक तथा मानसिक रूपमा प्रभावित बनाइरहेको छ। यस्तो अवस्थामा सिरहाको गोलबजारमा सञ्चालित निजी क्षेत्रको लाइफ लङ्ग हस्पिटल ले विशेषज्ञ सेवाको विस्तार गर्दै स्थानीयस्तरमै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयास थालेको छ, जसलाई सकारात्मक कदमका रूपमा लिन सकिन्छ। डा. अजय जयसवालको नेतृत्वमा सञ्चालित यस अस्पतालले हाल विभिन्न विधाका विशेषज्ञ चिकित्सकहरू थप गरी आफ्नो सेवा दायरालाई उल्लेखनीय रूपमा विस्तार गरेको छ। विशेषज्ञ चिकित्सकहरूको उपलब्धतासँगै अस्पतालले दिने स्वास्थ्य सेवाको गुणस्तर मात्र होइन, सेवाको पहुँचसमेत विस्तार भएको देखिन्छ। यसले गोलबजारसहित आसपासका पालिकाका नागरिकलाई सामान्यदेखि जटिल रोगको उपचारका लागि टाढा जानुपर्ने बाध्यता केही हदसम्म कम गर्ने अपेक्षा गरिएको छ।

अस्पतालमा इन्टरनल मेडिसिन विशेषज्ञ डा. सन्तोष चौधरीको आगमनले ज्वरो, दम, उच्च रक्तचाप, मधुमेह, निमोनिया, थाइराइड, मुटु, कलेजो तथा पाचन प्रणालीसँग सम्बन्धित रोगको उपचार सहज बनाएको छ। यस्ता दीर्घरोगको उपचारका लागि बिरामीले पहिले विराटनगर, जनकपुर वा काठमाडौंसम्म पुग्नुपर्ने अवस्था थियो। अब ती सेवा स्थानीयस्तरमै उपलब्ध हुनु स्वास्थ्य क्षेत्रका लागि सकारात्मक उपलब्धि हो। यसैगरी, फोक्सो तथा श्वासप्रश्वाससम्बन्धी रोगका विशेषज्ञ डा. अरुण कुमार महतोको सेवाले दम, एलर्जी, निमोनिया, क्षयरोग, सीओपीडी तथा ब्रोंकोस्कोपीजस्ता विशेष उपचार स्थानीयमै सम्भव बनाएको छ। पछिल्ला वर्षहरूमा वायु प्रदूषण, धूम्रपान र जीवनशैलीका कारण श्वासप्रश्वाससम्बन्धी रोग बढिरहेका बेला यस्तो विशेषज्ञ सेवा उपलब्ध हुनु स्थानीय नागरिकका लागि राहतको विषय हो। अस्पतालले शल्यचिकित्सा सेवामा पनि उल्लेखनीय विस्तार गरेको छ। वरिष्ठ जनरल तथा ल्याप्रोस्कोपिक सर्जन डा. ज्ञानेन्द्र यादवको उपस्थितिले सामान्यदेखि जटिल शल्यक्रिया स्थानीयस्तरमै गर्न सकिने अवस्था सिर्जना भएको छ। सुविधा सम्पन्न अपरेशन थिएटरसहित विशेषज्ञ सर्जनको उपलब्धताले बिरामीलाई अन्य सहर धाउनुपर्ने झन्झट र अतिरिक्त खर्च दुवै घटाउने अपेक्षा गर्न सकिन्छ। बाल तथा नवजात शिशु रोग विशेषज्ञ डा. सञ्जय कुमार यादवको सेवाले बाल स्वास्थ्य उपचारलाई थप प्रभावकारी बनाएको छ। बालबालिकाको स्वास्थ्यमा समयमै विशेषज्ञ उपचार उपलब्ध हुनु अत्यन्त आवश्यक हुन्छ। नवजात शिशुदेखि किशोर अवस्थासम्मका बिरामीलाई गुणस्तरीय उपचार स्थानीयमै उपलब्ध हुनु अभिभावकका लागि ठूलो राहतको विषय हो।

त्यसैगरी अर्थोपेडिक सर्जन डा. विनोद सिंहको उपस्थितिले हाडजोर्नी, फ्र्याक्चर, जोर्नी प्रत्यारोपण, ढाड तथा नशासम्बन्धी समस्याको उपचार र पुनःस्थापना सेवामा सहजता थपिएको छ। दुर्घटना तथा हाडजोर्नीसम्बन्धी समस्या बढ्दै गएको वर्तमान अवस्थामा यस्तो सेवा ग्रामीण क्षेत्रमा उपलब्ध हुनु महत्वपूर्ण उपलब्धि हो। महिलाको स्वास्थ्यलाई प्राथमिकता दिँदै अस्पतालले स्त्रीरोग तथा प्रसूति विशेषज्ञ डा. शबनम यादवलाई पनि सेवा विस्तारमा समेटेको छ। महिलाहरूले आफ्ना संवेदनशील स्वास्थ्य समस्याका लागि सहज, सुरक्षित र विश्वासिलो वातावरणमा विशेषज्ञ सेवा प्राप्त गर्न सक्ने अवस्था निर्माण हुनु सकारात्मक पक्ष हो। स्वास्थ्य सेवाको गुणस्तर केवल विशेषज्ञ चिकित्सकको उपलब्धताले मात्र निर्धारण हुँदैन। सेवा प्रवाहको पारदर्शिता, आधुनिक उपकरण, दक्ष स्वास्थ्यकर्मी, समयमै उपचार, बिरामीप्रतिको व्यवहार र उपचार खर्चको सन्तुलन पनि उत्तिकै महत्वपूर्ण पक्ष हुन्। निजी अस्पतालप्रति समाजमा प्रायः महँगो उपचारको धारणा रहँदै आएको अवस्थामा लाइफ लङ्ग हस्पिटलले सस्तो, सुलभ र गुणस्तरीय सेवा उपलब्ध गराउने दाबीलाई व्यवहारमा पनि प्रमाणित गर्न सके यसको सामाजिक विश्वास अझ बलियो बन्नेछ। आज स्वास्थ्य सेवा केवल व्यापारको विषय होइन, सामाजिक उत्तरदायित्वसँग जोडिएको क्षेत्र पनि हो। निजी अस्पतालहरूले नाफासँगै सेवामुखी भावना अपनाउन सके मात्र नागरिकको विश्वास जित्न सक्छन्। विशेषज्ञ सेवा विस्तारसँगै लाइफ लङ्ग हस्पिटलले यही विश्वासलाई कायम राख्दै सेवा गुणस्तर, नैतिकता र बिरामीमैत्री व्यवहारलाई निरन्तर प्राथमिकता दिन आवश्यक छ।

समग्रमा, गोलबजार क्षेत्रमा विशेषज्ञ चिकित्सकहरूको उपलब्धतासँगै स्वास्थ्य सेवाको नयाँ सम्भावना देखिएको छ। स्थानीय नागरिकले आफ्नै क्षेत्रमा गुणस्तरीय उपचार पाउने अवसर विस्तार हुनु स्वागतयोग्य विषय हो। आगामी दिनमा पनि अस्पतालले आफ्नो सेवा, सुविधा र विश्वसनीयतालाई अझ सुदृढ बनाउँदै क्षेत्रीय स्वास्थ्य सेवाको उदाहरणीय संस्थाका रूपमा स्थापित हुन सफल होस् भन्ने अपेक्षा गर्न सकिन्छ।

# जनकपुरको ऐतिहासिक बाह्रबिघा मैदान डम्पिङ साइटमा परिणत



जनकपुरधाम, ३१ असार। मधेस प्रदेशको राजधानी जनकपुरधाम ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले नेपालकै महत्वपूर्ण सहर हो। हिन्दु धर्मावलम्बीहरुको आस्थाको केन्द्र माता सीताको जन्मभूमिका रूपमा विश्वभर प्रसिद्ध यो सहरमा हरेक वर्ष हजारौँ स्वदेशी तथा विदेशी धार्मिक पर्यटक आउने गर्छन्। जनकपुरकै बिच भागमा रहेको जानकी मन्दिर यो सहरको मुख्य आकर्षणको केन्द्र हो।

'५२ कुटी, ७२ कुण्ड' को उपमा पाएको यो सहरभित्र विभिन्न मठ–मन्दिर, पोखरी तथा धार्मिक सम्पदा छन्। जानकी मन्दिरबाट करिब ५ सय मिटर पश्चिममा रहेको ऐतिहासिक बाह्रबिघा रंगभूमि मैदान फोहरले ढाकिएका कारण सहरको सौन्दर्य बिगारेको मात्र होइन, सहरप्रति नै पर्यटक विकर्षित हुने गरेका छन्। मन्दिर दर्शन गर्न जाने मुख्य मार्गमै पर्ने यो रंगभूमि मैदानको दुर्दशाले मधेस प्रदेशमा हुने विकास र संरक्षणको अवस्था झल्काएको छ। बाह्र बिघा मैदान अहिले फोहर फाल्ने डम्पिङ साइटका रुपमा परिणत भएको छ। यो मैदान प्रवेश गर्ने मुख्यद्वारमै फोहरको डंगुर थुप्रिएको पाइन्छ भने भित्र छिर्नासाथ मास्क किन लगाएर आएएन भन्ने पिरलो हुन्छ।

मैदानभित्रै दर्जनौँको संख्यामा भैंसी, गाई, बाख्रा चरिरहेका पाइन्छन्। मैदान वरिपरि कैयौँ निजी अस्पताल छन्। तीमध्ये कतिपय अस्पतालले सङ्क्रमणयुक्त फोहर पनि यही मैदानमा विसर्जन गर्ने गरेका छन्। वर्षाको बेला विसर्जन गरिएका अस्पतालजन्य फोहोर बाह्रबिघा मैदानमा जमेको पानीमा तैरिइरहेको देखिन्छ। यही बाह्र बिघाको बिच बाटो प्रयोग गर्दै पर्यटक तथा नगरवासी आउजाउ गर्छन्। वर्षायाम सुरु भएसँगै यो बाटो प्रयोग गर्नेहरुले निकै सास्ती व्यहोर्नुपर्छ।

बाह्रबिघा छेउमै रहेको वडा नं १० का स्थानीय राजु कर्णले भने, 'पञ्चायतकालमा त बरु यो बाह्रबिघा केही हदसम्म संरक्षित र सफा थियो, तर अहिले प्रदेश सरकारसँगै स्थानीय तह त्यति बलियो भएर आएको छ, तै पनि यसको संरक्षणमा ध्यान पुगेको छैन।' यसको व्यवस्थापन नहुनुमा मुख्य दोषी जनकपुर उपमहानगरपालिका, बृहत्तर क्षेत्र विकास समिति रहेको कर्ण बताउँछन्। उनले भने, 'यस्तो ऐतिहासिक स्थलको मुख्य संरक्षण गर्ने दायित्व उनीहरुको हो नि। जनप्रतिनिधि नै यो बाह्रबिघा छेउको बाटो प्रयोग गर्दै दिनहुँ हिँड्छन्। गाडीमा कुद्छन्, तर यसको संरक्षण र सम्बर्धनमा उनीहरुको ध्यान जाँदैन।'

कुनै समय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, राजनीतिक सभा तथा विभिन्न सार्वजनिक गतिविधिको केन्द्र बन्ने गरेको यो मैदान अहिले दुर्गन्ध, फोहोर र बेवास्ताको प्रतीक बनेको छ। 'यो मैदानले क्रिकेट र फुटबलका धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी जन्माएको छ। ती खेलाडीले नेपालको नाम दुनियाँभरि फैलाएका छन्, तर अहिले यसको दुर्दशा हेर्दा देश हाँक्ने खेलाडीहरुप्रति भने रिस उठेर आउँछ,' स्थानीय खेलकुदकर्मी रमेश मल्लिकले भने, 'यसको साख जोगाउन र यसको अवस्था सुधार्न स्थानीयवासी नै एकजुट हुनुको विकल्प छैन।'

मैदान वरिपरि फैलिएको दुर्गन्धका कारण मैदानको छेउमा रहेको सडकमा दैनिक आवतजावत गर्ने सर्वसाधारण नाक थुनेर हिँड्न बाध्य हुन्छन्। नियमित सरसफाइ र उचित व्यवस्थापन नहुँदा राजधानीकै प्रमुख सार्वजनिक स्थलको अवस्था बेहाल छ। जनकपुरमा भव्यताका साथ मनाइने विवाह पञ्चमी, सरसफाइ दिवस, कुनै विशेष समारोहमा यो मैदान सरसफाइ गरिन्छ तर त्यसरी एक दिन सफाइमा जुटेर अन्य दिन फोहर थुपार्नु गैरजिम्मेवारीको हद भएको जनकपुर–४ का स्थानीय अमरेशकुमार सिंहले भने।

'बाह्रबिघालाई व्यवस्थित बनाउने हो भने पहिला यसमा माटो भर्ने, चारैतिर जम्ने पानीको निकास व्यवस्थापन गरेपछि बल्ल यसको अवस्थामा सुधार आउँछ,' उनले भने। सरकार परिवर्तन भए, देशमा संघीयता पनि आयो, जनप्रतिनिधि फेरिए, विभिन्न विकास निर्माण र योजनाहरु घोषणा भए, तर बाह्रबिघा मैदानको सुधारका लागि प्रभावकारी काम कतैबाट हुन सकेको छैन। मैदानको संरक्षण, सौन्दर्यीकरण र सरसफाइका विषयमा सम्बन्धित निकायले चासो नदिएको भन्दै नागरिकमा असन्तुष्टि देखिएको छ।

स्थानीय सामाजिक अगुवा सरोज मिश्रले भने, 'बाह्रबिघाको स्वामित्वको विवादलाई स्थानीय तह र बृहत्तर क्षेत्र विकास समितिले जुँगाको लडाइँ बनाएपछि यसको विकासमा अवरोध भएको हो।' उनले गत वर्ष प्रदेश सरकारले यसको संरक्षणका लागि बजेट छुट्याए पनि यी दुई संस्थाकै कारण काम हुन नपाएको गुनासो गरे। एक दशक अघि बाह्रबिघा मैदानको चारैतिर रहेको पर्खालको अवस्था जीर्ण बनेपछि भारतीय राजदूतावासले ५० करोड रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराइ बाह्रबिघा मैदानमा पर्खाल, गंगासागर र धनुषसागर पोखरीका डिल निर्माणको काम भएको थियो। तर ती काम गुणस्तरहीन भएपछि तत्कालीन बृहत्तर क्षेत्र विकास समितिका अध्यक्ष दिगम्बर रायसहित १३ जनामाथि विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

मधेस प्रदेशकै राजधानी त्यसमा पनि सांस्कृतिक, धार्मिक स्थलको धरोहर यस ऐतिहासिक स्थलप्रति प्रदेश सरकार, जनकपुरधाम उपमहानगरपालिका, सम्बन्धित मन्त्रालय तथा सरोकारवाला निकायको ध्यान किन पुग्न सकेन भन्ने प्रश्न अहिले स्थानीयले उठाइरहेका छन्। सार्वजनिक सम्पत्तिको संरक्षण र व्यवस्थापनमा देखिएको उदासीनताले राजधानीको छविमै असर पुगको उनीहरूको भनाइ छ।

बाह्रबिघा जस्तो ऐतिहासिक स्थल अहिले भारत तथा अन्य जिल्लाबाट आउने पर्यटकहरुका बस, जिप,तथा नगर क्षेत्रमै चल्ने ईरिक्साहरुको पार्किङ स्थल बनाइएको छ। रामानन्द चोकबाट जानकी मन्दिर जाने मूल सडकमा पर्ने यो मैदानको मुख्यद्वारमा दर्जनौँ ४ पाङ्ग्रे ठेलामा फलफूल, कपडा लगायतका सामानको व्यापार हुने गरेको छ। जानकी मन्दिर दर्शन गर्न आउने हजारौँ पर्यटकले बाह्रबिघा मैदानको अस्तव्यस्त अवस्था देखेर दिक्क मान्ने गरेका छन्।

भारतको उत्तर प्रदेशबाट जानकी मन्दिर दर्शन गर्न आएका रामउदार साह बाह्रबिघामै पार्किङ गरिएको बसबाट ओर्लन नपाउँदै नाक थुन्न बाध्य भए। उनले भने, 'तिर्थस्थल भनेपछि अलि व्यवस्थित हुनुपर्छ नि, कस्तो फोहोर र दुर्गन्ध भएको ठाउँ रहेछ।' बाह्रबिघा मै पार्किङ गर्ने ईरिक्सा, ट्याक्सी तथा एम्बुलेन्स चालकहरुले पनि ऐतिहासिक मैदान दुरावस्थामा पुगेको भन्दै चिन्ता प्रकट गरे।राजधानीको पहिचान केवल प्रशासनिक केन्द्रका रूपमा मात्र नभई सार्वजनिक स्थलको संरक्षण, सुरक्षित वातावरण, पूर्वाधार र विकास निर्माणले वास्तविक छवि निर्माण गर्ने हुँदा ऐतिहासिक बाह्रबिघा मैदानको संरक्षण र व्यवस्थापनमा सबै निकाय एकजुट हुनुपर्ने स्थानीयबासीको सुझाव छ।

# उदयपुरमा खोलाले बगाउँदा ९ वर्षीय बालक बेपत्ता

उदयपुर, ३१ असार। उदयपुरको कटारी नगरपालिका–२ गराँसस्थित गैरीटोलका ९ वर्षीय गणेश तामाङलाई खोलाले बगाउँदा बेपत्ता भएका छन्। बेपत्ता भएका गणेश स्थानीय चाबा तामाङका छोरा हुन्। बुधबार दिउँसो गराँसस्थित नाराङ्गे ( नारायणी) खोला र कमला नदीको दोभान क्षेत्रमा साथीहरूसँग माछा मार्दै पौडी खेल्ने क्रममा उनलाई खोलाले बगाएको इलाका प्रहरी कार्यालय कटारीका प्रमुख डिएसपी उपेन्द्र खरेलले जानकारी दिए। डिएसपी खरेलका अनुसार गणेशसँगै एकै गाउँका पाँच बालबालिका खोलामा गएका थिए। घटनापछि सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले खोजी अभियान सञ्चालन गरिरहेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# सातै प्रदेशमा कांग्रेस–एमाले सत्ता सहकार्य टुट्दै

**सइन्द्र राई**

काठमाडौं, ३१ असार । सात बुँदे सहमति गर्दै दुई वर्षअघि सुरू भएको कांग्रेस र एमालेबीचको सत्ता सहकार्य करिब टुंगिएको छ। गत वर्ष २३–२४ भदौको जेनजी आन्दोलनबाट संघीय सत्ता ढलेपनि प्रदेशहरूमा यी दुई दलबीच सत्ता सहकार्य कायमै थियो। तर आज एमालेसँग साझेदारी रहेको प्रदेश सरकारहरूबाट कांग्रेसले बाहिरिने निर्णय गर्‍यो।

जसअन्तर्गत कर्णाली प्रदेशका मन्त्रीहरूले बिहानै मुख्यमन्त्री यामलाल कँडेललाई सामूहिक राजीनामा बुझाएका थिए। प्रदेश सरकारको नेतृत्व आलोपालो गर्ने सहमति पालना नभएको भन्दै कांग्रेस मन्त्रीहरूले राजीनामा बुझाए। 'विगतमा हामीबीच आलोपालो सरकारको नेतृत्व गर्ने सहमति भएको थियो। तर एमालेले त्यसमा इमान्दारिता नदेखाएकाले चारै जनाले राजीनामा दियौं,' पर्यटन मन्त्रीबाट राजीनामा दिएका सुरेश अधिकारीले भने।

२७ चैत २०८० मा एमाले नेता कँडेल कर्णालीको मुख्यमन्त्री नियुक्त भएका थिए। तत्कालीन माओवादी केन्द्रको समर्थनमा मुख्यमन्त्री बनेका कँडेललाई सत्ता गठबन्धन बदलिँदा कांग्रेसले समर्थन गरेको थियो। तर, आधाआधा कार्यकाल नेतृत्व गर्ने सहमति पालना नभएको भन्दै कांग्रेसका मन्त्रीहरूले राजीनामा दिएपछि सरकार ढल्ने पक्का भएको छ।

४० सदस्यीय कर्णाली प्रदेश सभामा एमालेसँग जम्मा १० सिट मात्रै छ। कांग्रेससँग १५ र नेकपासँग १४ सिट छ। कर्णालीमा सामूहिक राजीनामा दिएको कांग्रेसले सुदूरपश्चिममा भने एमाले मन्त्रीहरूलाई बर्खास्त गर्‍यो। कर्णालीका मन्त्रीहरुले सामूहिक राजीनामा दिएको केही घण्टाभित्रै सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले एमाले तर्फका मन्त्रीहरूलाई बर्खास्त गरिदिएका छन्।

सुदूरपश्चिममा एमालेले बजेट प्रस्तुत गर्न र पारित हुन नदिनेगरी अडान राख्दै आएको थियो। सत्ता साझेदार एमालेबाटै बजेट पारित गर्न साथ नपाएका मुख्यमन्त्री शाहले सबै मन्त्रीलाई बर्खास्त गर्ने निर्णय लिए। मुख्यमन्त्री शाह सत्ता संकटमा परेपछि पार्टी सभापति लगायतका नेताहरूसँग छलफल गर्न मंगलबार काठमाडौं नै आएका थिए। यहाँआएर छलफल गर्दा पनि एमलेसँगको सहकार्यको निरन्तरता नहुने अवस्था बनेपछि उनी बुधबार सुदूरपश्चिम पुगेर मन्त्रीहरू हटाउने निर्णय गरेका थिए। यो निर्णय उनले पार्टी सभापति गगन थापासहितका पदाधिकारीहरूको सुझाव अनुसार गरेका थिए।

यो कुरा थाहा पाएपछि लगत्तै एमालेले पनि सरकारलाई दिएको समर्थन फिर्ता लियो। एमाले प्रदेश संसदीय दलका नेता राजेन्द्रसिंह रावलले अल्पमतमा परिसकेका मुख्यमन्त्री शाहले मन्त्रीहरू बर्खास्तको निर्णय गर्नु अर्थहीन रहेको बताउँछन्। 'उहाँले दम्भ देखाउनुभयो। सरकारमा र आफ्नो दल अल्पमतमा परेपछि के निहुँ पाउ, कनिका बुकाउ भन्ने अवस्थामा हुनुहुन्थ्यो,' रावल भन्छन्।

यसरी अलग–अलग कारण देखाएर कर्णाली र सुदूरपश्चिमको



सरकार अल्पमतमा परेपनि त्यसको कारण एउटै रहेको नेताहरू बताउँछन्। कांग्रेसको केन्द्रीय नीति अन्तर्गत यी दुवै प्रदेशका सरकार ढल्ने स्थिति सिर्जना भएको हो। उच्च स्रोतका अनुसार एमालेसँग सबै प्रदेश सरकारको साझेदारी तोड्ने निर्णय कांग्रेसले लिएको छ। सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्माले एमाले नेतृत्वसँग लामो संवाद गर्दा पनि सहमति नजुटेकाले सत्ता साझेदारी तोड्ने निष्कर्षमा कांग्रेस पुगेको हो।

'एमालेसँग हाम्रो नीति पनि मिलेन, व्यवहार पनि मिलेन,' कांग्रेसका एक शीर्ष नेता भन्छन्, 'विचार र व्यवहार नै नमिलेपछि सहकार्य गरिरहनु आवश्यक ठानेनौं।' कांग्रेसले प्रदेश सरकारको साझेदारीबारे पहलकदमी लिने जिम्मेवारी उपसभापति शर्मालाई दिएको छ। जिम्मेवारी बमोजिम शर्माले एमाले अध्यक्ष केपी शर्मा ओलीसहितका नेताहरूसँग संवाद गर्दै आएका थिए।

विशेष महाधिवेशनबाट कांग्रेस नेतृत्वमा आएका सभापति थापा र उपसभापति शर्माको अडान थियो– आलोपालो नेतृत्वको पूर्वसहमति कार्यान्वयन गरिनुपर्छ। तर एमाले अध्यक्ष ओलीले नयाँ अडान राख्दा समस्या आएको नेताहरू बताउँछन्। 'सुदूरपश्चिम सरकारको नेतृत्वबारे प्रचण्डसँग उहाँले कुरा गर्नुभएको रहेछ,' स्रोत भन्छ, 'लोकतान्त्रिक शक्तिहरूसँग मिल्नुपर्छ भनेर केपी ओली सुदूरपश्चिम नेकपालाई दिने मनसायमा रहनुभयो।'

यस्तै अडान कोशी सरकारमा पनि ओलीले राखेको स्रोत बताउँछ। कोशी सरकारबारे भने ओलीले शेरबहादुर देउवासँग गोप्य सहमति गरेका रहेछन्। 'ओलीको प्रदेशमा पाँचै वर्ष एमाले र देउवाको प्रदेशमा पाँचै वर्ष कांग्रेसले नेतृत्व गर्ने गोप्य सहमति रहेछ,' कांग्रेसका एक नेता भन्छन्, 'तर कांग्रेसको नेतृत्व बदलिएपछि विश्वप्रकाश शर्माले कोशी मेरो पनि प्रदेश हो भन्नुभयो।' अर्थात आलोपालोको सहमति बमोजिम प्रदेश सरकारको नेतृत्व फेर्ने निर्णयमा समस्या आएको थियो। यद्यपि संवाद गर्दै जाने भनेर बजेट ल्याएपछि मात्रै प्रदेश सरकारहरु फेर्नेगरी नेताहरुले सहमति गरेका थिए।

तर बजेट ल्याउने क्रममै सत्तारुढ कांग्रेस र एमालेबीच लगभग सबै प्रदेशमा खटपट भयो। सुदूरपश्चिममा बजेट पारित गर्नै समस्या भयो। यसपछि कांग्रेसले सत्ता साझेदारी तोड्ने निर्णय गरेको छ। एमाले प्रचार विभाग प्रमुख निरज आचार्य भने सहकार्य जोगाउने प्रयत्न अझै जारी रहेको बताउँछन्। 'नेताहरू निरन्तर संवादमा हुनुहुन्छ। आशा गरौं, संवाद सकारात्मक निष्कर्षमा पुग्नेछ,' आचार्य भन्छन्, 'कुनैपनि प्रदेशमा कसैको एकल बहुमत छैन, संयुक्त सरकार बनाउनुपर्छ भनेर भएकै गठबन्धन तोड्नु राम्रो होइन।'

सहकार्य तोड्नेगरी कांग्रेसले धमाधम निर्णय लिँदा पनि एमालेका तर्फबाट थप निर्णय नहुनुले पनि कांग्रेससँगको सहकार्य जोगाउने चाहना लुकेको छैन। कोशी, लुम्बिनी र कर्णालीमा एमाले नेतृत्वको सरकार छ। कर्णालीबाट राजीनामा र सुदूरपश्चिम सरकारबाट मन्त्रीहरुलाई बर्खास्तीको निर्णय लिएको कांग्रेसले पनि अरु प्रदेशमा थप निर्णय लिएको छैन। कांग्रेस स्रोत भने बाँकी प्रदेशमा पनि क्रमशः सत्ताबाट अलग हुने तयारी छ। एमालेसँग सहकार्य तोड्नुपर्ने कारणमा कांग्रेसले जेनजी आन्दोलनलाई हेर्ने दृष्टिकोण नमिलेको तर्क गरेका छन्।

तर वास्तविकता यति मात्र नरहेको अर्को एक नेता बताउँछन्। 'पूर्व सहमति पालना नगरेर केपी ओलीले अल्मल्याउन खोज्नुभयो,' उनी भन्छन्, 'सके पार्टी एकता गर्नेगरी प्रचण्डसँग उहाँ निरन्तर संवादमा हुनुहुन्छ।' एमालेका एक नेता पनि ओलीको व्यवहारकै कारणले कांग्रेससँग सहकार्य तोडिने अवस्थामा सिर्जना भएको स्वीकार्छन्। 'हामीले कांग्रेससँगको सहकार्यमा प्रष्ट भएर जानुपर्थ्यो। आलोपालो भनेपछि तेस्रो पक्षबारे प्रस्ताव राख्ने राम्रो हुन्थेन,' उनी भन्छन्।

प्रदेश सरकारहरूको सहकार्य टुट्नुको कारण जे भएपनि ०८१ असारमा ओलीलाई प्रधानमन्त्री बनाउनेगरी सात बुँदे मार्फत सुरु भएको कांग्रेस–एमाले बीचको सत्ता सहयात्रा यो कोर्सबाट टुंगिने देखिएको छ। यद्यपि नयाँ सरकार गठनबारे दुवै दलको प्रष्ट खाका चाहिँ देखिइसकेको छैन।

# कार्यदलको प्रतिवेदनपछि मधेशको बजेट पारित गर्ने बाटो खुल्यो

अजय शाह

महोत्तरी, ३१ असार। मधेश प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट पारित गर्ने बाटो खुलेको छ। बजेटलाई लिएर देखिएको राजनीतिक विवाद समाधान गर्न गठन गरिएको प्रदेश सभा विशेष कार्यदलले तयार पारेको १० बुँदे सर्वसम्मत प्रतिवेदन प्रदेश सभामा पेश गरेपछि बजेट पारित गर्ने वातावरण बनेको हो।

मंगलबार बसेको प्रदेश सभा बैठकमा कार्यदलका सदस्य तथा जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रदेश सभा सदस्य उपेन्द्र महतोले प्रतिवेदन पेश गर्नुभयो। उहाँले सबै दलबिचको सहमतिका आधारमा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले सुझावसहितको प्रतिवेदन तयार गरिएको बताउनुभयो। प्रतिवेदन प्रदेश सभामा पेश भएपछि अर्थमन्त्री युवराज भट्टराईले त्यसलाई विनियोजन विधेयकको अंग बनाउने विषयमा सरकार सहमत रहेको घोषणा गर्नुभयो। उहाँले कार्यदलका सुझाव समेटेर बजेट अघि बढाइने बताउनुभयो। सरकारको प्रतिबद्धतासँगै बजेट पारित गर्ने प्रक्रियामा देखिएको अवरोध हटेको छ।

कार्यदलले मन्त्रालयअन्तर्गतका पूर्वाधार विकास तथा निर्माण योजनालाई सम्बन्धित जिल्लास्थित मन्त्रालयका इकाइमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउन सुझाव दिएको छ। स्रोत सुनिश्चित भएका बहुवर्षीय योजनाको नियमन तथा नियन्त्रण अर्थ तथा प्राविधिक विज्ञ सम्मिलित समितिको प्रतिवेदनका आधारमा गर्नुपर्ने उल्लेख गरिएको छ।

त्यस्तै, अन्तरसरकारी वित्तीय हस्तान्तरणअन्तर्गत स्थानीय तहलाई दिइने विशेष अनुदानमा समावेश पोषणयुक्त आहार वितरण कार्यक्रम तत्कालका लागि स्थगन गरी स्थानीय तहको आवश्यकता र मागअनुसार अन्य शीर्षकमा बजेट उपलब्ध गराउन सुझाव दिइएको छ। चालु आर्थिक वर्षमा सम्पन्न भई भुक्तानी हुन बाँकी योजनाको रकम आगामी आर्थिक वर्षको बजेटबाट उपलब्ध गराउने व्यवस्था गर्न पनि प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनमा स्थानीय तहले प्रदेश सरकारलाई बुझाउनुपर्ने राजस्व बढीमा पाँच किस्तामा बुझाउन सक्ने व्यवस्था गर्न तथा त्यसका आधारमा प्रदेश सरकारले अनुदान उपलब्ध गराउनुपर्ने सुझाव समेटिएको छ। कमला पुल निर्माण योजनालाई प्राथमिकतामा राखी आवश्यक बजेट थप गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने सुझाव पनि प्रतिवेदनमा समावेश गरिएको छ।

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेपछि प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले बजेट वितरणमा असन्तुलन भएको, योजना छनोटमा राजनीतिक पक्षपात गरिएको तथा पर्याप्त छलफलविना बजेट ल्याइएको आरोप लगाउँदै प्रदेश सभा बैठक अवरुद्ध गर्दै आएका थिए।

सरकार र प्रतिपक्षबिचको लामो संवादपछि असार २८ गते प्रदेश सभामा प्रतिनिधित्व गर्ने सातवटै राजनीतिक दलबाट एक–एक जना सदस्य रहने गरी विशेष संसदीय कार्यदल गठन गरिएको थियो। कार्यदललाई बजेटका विवादित विषय अध्ययन गरी शीघ्र प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको थियो।

कार्यदलले विभिन्न मन्त्रालय, सरोकारवाला निकाय तथा राजनीतिक दलसँग छलफल गरी दुई दिनभित्रै सर्वसम्मत प्रतिवेदन तयार गरेको हो। प्रतिवेदन कार्यान्वयनसँगै बजेटसम्बन्धी राजनीतिक गतिरोध अन्त्य हुने, प्रदेश सभाको अवरोध हट्ने तथा आगामी आर्थिक वर्षका विकास निर्माणका कार्यक्रम समयमै कार्यान्वयन हुने अपेक्षा गरिएको छ।

*मधेस प्रदेश ...*

प्रदेश सभाबाट सुविधामा लिएका छन्।

**सभामुखभन्दा उपसभामुखको भत्ता धेरै**

वर्तमान सभामुख रामआशिष यादवले हालसम्म बैठक भत्ता बुझेको छैन। तर निवर्तमान सभामुख रामचन्द्र मण्डलले गत तीन आर्थिक वर्षमा १ लाख ३३ हजार ४५० र उपसभामुख राउतले १ लाख ८५ हजार ४९५ रुपैयाँ बैठक भत्ता बुझेका छन्। प्रदेश सभाको पदाधिकारीले सबभन्दा बढी भ्रमण भत्ता रकम बुझेका छन्। सभामुखकै हाराहारीमा उपसभामुखले पनि भ्रमण भत्ता बुझेका छन्। प्राप्त तथ्यांक अनुसार वर्तमान सभामुख यादवले ६३ हजार २४५ रुपैयाँ भ्रमण भत्ता वापत बुझेका छन् भने निवर्तमान सभामुख मण्डलले गत तीन वर्षमा १२ लाख ८३ हजार ९६१ रुपैयाँ र उपसभामुख राउतले १२ लाख ५४ हजार ११२ रुपैया बुझेका छन्।

उपसभामुखको भ्रमण भत्तामा बढी जनकपुर–काठमाडौं रहेको छ। उनका श्रीमानसहित परिवार काठमाडौंमा बस्दै आएको कारण उनी अधिकांश समय काठमाडौंमै बिताउँदै आएको श्रोतको भनाई छ। उनले उठाएको भ्रमणभत्तामा अधिकांश रकम विमानकै रहेको छ। प्रदेशसभा सचिवालयका अनुसार मधेस प्रदेशसभाको दोस्रो कार्यकालमा कुल १६५ बैठक बसेको छ भने सो अवधिमा २७ वटा विधेयक पेश भएकोमा मात्र १६ वटा कानुन निर्माण भएका छन्।

प्रदेश सभाको पहिलो अधिवेशनको पहिलो बैठक २०७९ पुस १८ गते बसेको थियो। पहिलो अधिवेशनमा ३६ वटा बैठक, दोस्रोमा १४, तेस्रोमा ३४, चौथोमा २३, पाँचौंमा २२, छैटौंमा २० र जारी सातौं अधिवेशनमा अहिलेसम्म १६ वटा बैठक बसेको छ। चार विधेयक दर्ता भएका छन् भने तीन विधेयक सभामा पेस भएको छ। एक विधेयक पेस हुन बाँकी छ। दुई विधेयक सरकारले फिर्ता लगेको छ र एक विधेयक विषयगत समितिमा रहेको समितिको भनाई छ।

पहिलो कार्यकालमा मधेस प्रदेशसभाले करिब ५६ कानुन निर्माण गरेको थियो। प्रदेशसभा सञ्चालन सरकारमा निर्भर रहने प्रदेशसभा प्रवक्ता विपिन ठाकुरले बताए। 'प्रदेश सभाको बैठक र कानुन पारित प्रदेश सभाभन्दा पनि सरकारमा भर पर्छ' उनले भने, 'सरकारले विधेयक र 'बिजनेस' दिएपछि मात्रै प्रदेशसभा प्रभावकारी रूपमा अघि बढ्न सक्छ।'

# सप्तरीमा १० दिनदेखि जंगली हात्तीको आतंक





**धीरेन्द्रप्रसाद साह**

राजविराज, ३१ असार। सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिकामा जंगली हात्तीको बथानको आतंक लगातार १० दिनदेखि जारी रहँदा सयौँ कट्ठा खेतीयोग्य जमिनमा लगाइएको मकैबाली, धानको बीउ तथा रोपाइँका लागि तयार गरिएको धानको ब्याड नष्ट भएको छ। हात्तीले दर्जनौँ घरमा क्षति पुऱ्याउनुका साथै खाद्यान्न, पशुचौपायाको आहारा र घरायसी सामग्रीसमेत ध्वस्त पारेपछि स्थानीयवासी त्रासमा रात कटाउन बाध्य भएका छन्।

स्थानीय प्रदीप आचार्यका अनुसार सोमबार राति पनि हात्तीको बथानले गाउँपालिकाको वडा नं.१, घोघिदाहा–भवानीपुरस्थित ठाकुर गाउँमा प्रवेश गरी १० देखि १२ घरमा क्षति पुऱ्याएको छ। घरभित्र रहेका धान, चामल, मकै, तरकारी, फलफूल तथा अन्य खाद्यान्न नष्ट गर्नुका साथै नमुना मुसहर बस्तीका केही घरव्हरा पनि भत्काएको उहाँले जानकारी दिनुभयो।

**४१ भन्दा बढी किसान प्रभावित**

प्रारम्भिक विवरणअनुसार हालसम्म कम्तीमा ४१ किसानको मकैबाली र धानको बीउमा क्षति पुगेको छ। केही किसानको दुई बिघासम्मको मकैबाली तथा धानको ब्याड हात्तीले कुल्चेर नष्ट गरेको छ। बमभोल चौधरी, ध्रुव कोइराला, काजी सार्की, पवन चौधरी, पूर्णप्रसाद काफ्ले, लालबहादुर तामाङ, गोपालप्रसाद खतिवडा, अर्जुन कार्की र देवुमाया भुजेललगायतका किसान बढी प्रभावित भएका छन्।

हात्तीको आक्रमणबाट बालीनाली मात्र नभई भौतिक संरचनामा पनि ठूलो क्षति पुगेको छ। खडीराज आचार्य, नरमाया बिष्ट, कमानसिंह मगर, सत्यनारायण मण्डल, लीलामाया बस्नेत, विनोद दहाल र जनकराज अधिकारीलगायतका परिवारका घर, भान्साघर, गोठ, टिनका छाना, पर्खाल तथा घरायसी सामग्रीमा क्षति पुगेको छ। उनीहरूको घरमा सञ्चित सयौँ किलो चामल, धान, मकै, गहुँ, पशुदाना, चोकरलगायत खाद्यान्न पनि हात्तीले नष्ट गरेको स्थानीयले बताएका छन्।

स्थानीय प्रदीप आचार्य र श्रीप्रसाद अर्यालको एक–एक बिघामा रोपाइँका लागि तयार गरिएको धानको ब्याडसमेत हात्तीले पूर्ण रूपमा नष्ट गरेको छ। पुष्पराज बन्जाराको भैँसीगोठमा क्षति पुग्नुका साथै पशु आहारा नष्ट भएको छ रतवाला क्षेत्रका श्रीकुमारी चौधरी, हेमनारायण चौधरी र सुवास चौधरीका घरमा पनि हात्तीले प्रवेश गरी खाद्यान्न तथा अन्य सामग्रीमा क्षति पुऱ्याएको छ।

गाउँपालिकाको वडा नं. ६ स्थित भुजेल टोलमा विनोद दहालको घर लगभग पूर्ण रूपमा ध्वस्त भएको छ। उहाँको घरमा रहेको एक सय किलो चामल, एक सय किलो गहुँ, पाँच बोरा पशुदाना, घरायसी सामग्री तथा मकैबाली नष्ट भएको छ। जनकराज अधिकारीको भान्साघर भत्किनुका साथै दुई सय किलो चामल, एक सय किलो मकै र चार बोरा पशुदाना नष्ट भएको छ। सोमनाथ खतिवडा र पुरुषोत्तम शर्माको घरमा पनि हात्तीले क्षति पुऱ्याएको स्थानीयले बताएका छन्।

हात्तीको आक्रमणबाट भुजेल टोलका कञ्चन गिरी घाइते हुनुभएको छ। भागदौडका क्रममा उहाँको हात भाँचिएको छ। उहाँको घर, फ्रिज, टेलिभिजन, मकै तथा अन्य सामग्रीमा पनि ठुलो क्षति पुगेको छ डम्बर मेहताको घर र बारमा समेत हात्तीले क्षति पुऱ्याएको छ। स्थानीयका अनुसार हात्तीको बथान प्रत्येक रात गाउँमा प्रवेश गरी खेतीपाती, घरगोठ र खाद्यान्नमा क्षति पुऱ्याइरहेको छ। वन तथा सुरक्षा निकायबाट प्रभावकारी नियन्त्रण हुन नसक्दा स्थानीय रातभर जाग्राम बस्न बाध्य भएका छन्। क्षतिको एकीकृत विवरण संकलन कार्य जारी रहेकाले प्रभावित परिवारको संख्या अझै बढ्न सक्ने जनाइएको छ।

स्थानीयवासीले जंगली हात्ती नियन्त्रणका लागि तत्काल प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन, प्रभावित परिवारलाई राहत उपलब्ध गराउन, वास्तविक क्षतिको मूल्यांकन गरी उचित क्षतिपूर्ति दिन तथा मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका दीर्घकालीन उपाय अवलम्बन गर्न संघ, प्रदेश र स्थानीय सरकारसँग माग गरेका छन्।

**स्थानीयका माग**

स्थानीयवासीले हात्तीबाट भएको क्षतिको घटनास्थलमै मूल्यांकन गरी शीघ्र क्षतिपूर्ति उपलब्ध गराउन, इलाका प्रहरी कार्यालय महुलीमा पर्याप्त जनशक्ति र आवश्यक सामग्रीसहित स्थायी सुरक्षा व्यवस्था मिलाउन, हात्ती प्रवेश गर्ने मुख्य नाकामा चौबीसै घण्टा सुरक्षाकर्मी परिचालन गर्न तथा वन कार्यालयमा उद्धार र नियन्त्रणका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्न आग्रह गरेका छन्।

त्यसैगरी प्रभावित क्षेत्रमा विद्युतीय वा अन्य उपयुक्त तारबार, उच्च क्षमताका बत्ती, साइरन प्रणाली तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी र वन कार्यालयको संयुक्त सुरक्षा गस्ती सञ्चालन गर्न पनि माग गरेका छन्।

**प्रशासनको प्रतिबद्धता**

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले दुई दिनअघि हात्ती प्रभावित बस्तीको स्थलगत निरीक्षण गर्नुभएको छ। उहाँले प्रभावित परिवारलाई कानुनबमोजिम क्षतिपूर्ति उपलब्ध गराउने प्रक्रिया छिट्टै अघि बढाइने बताउनुभयो। हात्ती आकर्षित हुने जोखिम कायम रहेकाले खाद्यान्न भण्डारण गरिएका स्थानबाहेक अन्य सुरक्षित स्थानमा बस्न आग्रह गर्दै उहाँले हात्ती आकर्षित हुन सक्ने अवैध मदिरा उत्पादन तथा बिक्री नियन्त्रणका लागि सुरक्षाकर्मी परिचालन गरिने जानकारी दिनुभयो।

# निःशुल्क प्रवेशको विरोधमा विवाह मण्डप र सङ्ग्रहालय बन्द

धनुषा, ३१ असार। जनकपुरधामस्थित ऐतिहासिक विवाहमण्डप र जानकी मन्दिर परिसरमा रहेको सङ्ग्रहालय ( म्युजियम) मङ्गलबारदेखि बन्द गरिएको छ। मधेस प्रदेशका गृहमन्त्री फकीरा महतोले धनुषा जिल्ला प्रशासनसँग परामर्श नगरी दुवै स्थलमा निःशुल्क प्रवेशको व्यवस्था गर्न निर्देशन दिएको भन्दै विरोधस्वरूप विवाह मण्डप तथा सङ्ग्रहालय बन्द गरिएको प्रशासनले जानकारी दिएको छ।

विवाहमण्डप र सङ्ग्रहालय बन्द भएपछि अवलोकनका लागि पुगेका स्वदेशी तथा विदेशी पर्यटक एवं दर्शनार्थी प्रभावित भएका छन्। उक्त विषयमा मधेस प्रदेश सरकारको आधिकारिक धारणा सार्वजनिक भएको छैन। विवाहमण्डप तथा सङ्ग्रहालय प्रशासनले वार्ता र सहमतिका आधारमा समाधान नभए थप आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने सङ्ग्रहालय प्रशासनले जनाएको छ।

जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले विवाहमण्डप निर्माण सम्पन्न भएदेखि मन्दिर व्यवस्थापका साथै कर्मचारीका सेवा सुविधाका लागि टिकट खर्चबाट हुँदै आएकाले मन्त्री महतोले सबै टिकट नै उठाए लगेपछि सङ्ग्रहालय बन्द गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "आवश्यक छलफल र सहमतिविना गरिएको निर्णय स्वीकार्य छैन। समस्या समाधान नभए थप आन्दोलन हुन्छ।"

जनकपुरधामको ऐतिहासिक विवाहमण्डप र जानकी मन्दिर परिसरस्थित सङ्ग्रहालय धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण सम्पदाका रूपमा परिचित छन्।

# नेपालका लागि थप रासायनिक मल कोलकाता बन्दरगाहमा, आपूर्ति प्रक्रिया तीव्र

काठमाडौं, ३१ असार। नेपालमा रासायनिक मलको आपूर्ति सहज बनाउन सरकारले खरिद गरेको रासायनिक मल भारतको कोलकाता बन्दरगाहमा आइपुग्ने क्रम जारी रहेको छ। हाल ३० हजार मेट्रिकटन डीएपी मल भारतको विशाखापट्टनम बन्दरगाहमा र २७ हजार मेट्रिकटन डीएपी मल भारतको कोलकत्ता बन्दरगाहमा आइ पुगेको छ। दुवै पोर्टमा हाल प्याकिङ भइरहेको र विशाखापट्टनम पोर्टबाट मल रेकमा लोड भइ हिजो हिडेको र कलकत्ताबाट पनि छिट्टै मल लोड हुने क्रममा रहेको छ। साथै सरकार–सरकार (जीटूजी) सम्झौताअन्तर्गत खरिद गरिएको अर्को डीएपी मल साउन ३ गते (१९ जुलाई) कोलकाता बन्दरगाहमा आइपुग्ने तालिका रहेको छ।

त्यस्तै, ३० हजार र ३० हजार गरी दुईवटा युरीया मल लोड भएका जहाजहरु साउन १ गते (१७ जुलाई) कोलकाता बन्दरगाहमा आइपुग्ने कार्यक्रम रहेको छ। हाल मल वितरक दुवै कम्पनीसँग मौज्दातमा रहेका मलहरु मल वितरण व्यवस्थापन कार्यविधि बमोजिम विक्री वितरण भैरहेको र कोलकाता बन्दरगाहमा आइपुगेका र आउने क्रममा रहेका मलहरुलाई आवश्यक भन्सार तथा ढुवानी प्रक्रिया पूरा गरी चरणबद्ध रूपमा नेपाल भित्र्याइने मन्त्रालयले जनाएको छ।

कृषि उत्पादन बृद्धिमा किसानलाई आवश्यक पर्ने रासायनिक मल समयमै उपलब्ध गराउन आपूर्ति व्यवस्थापन र समन्वयलाई तीव्र बनाइएको कृषि, वन तथा पर्यावरण मन्त्रालयको स्वकीय सचिवालयले जनाएको छ।

# साढे तीन महिनामै सरकारका १३ निर्णयमा सर्वोच्चको 'ब्रेक'

**किरण पौडेल**

काठमाडौं, ३१ असार। वालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भएपछि सरकारले गरेका कतिपय निर्णय कानुनसम्मत नदेखिएको भन्दै न्यायालयबाट होल्ड भएका छन् भने केही खारेज भएका छन्। सरकार गठन भएको करिब साढे तीन महिना मात्र पूरा हुँदा न्यायालयले सरकारका कुन कुन निर्णय कार्यान्वयनमा रोक लगायो त। सरकार गठन भएको साढे तीन महिना पूरा हुँदा करिब दुईतिहाइ नजिकको सरकारले गरेका धेरै निर्णयहरु सर्वोच्च अदालतले रोक लगाएको छ।

अदालतले सरकारका केही निर्णय उल्ट्याएको छ भने केही निर्णय होल्ड गरेको छ। यसले शक्तिशाली सरकारले पनि कानुनसँग बाँधिनेगरी निर्णय गर्दै स्वच्छाचारी बन्न सक्छ भन्ने सन्देश दिएको छ, जसलाई सर्वोच्चले अंकुश लगाएको हो। अदालतले सरकारका कतिपय निर्णय गर्दा बुधबार मात्रै सम्पत्ति छानबिन आयोगको काममा अल्पबिराम लगाएको छ। साढे तीन महिनाको अवधिमा सरकारका विभिन्न महत्वपूर्ण निर्णयमा अल्पबिराम र पूर्णविराम लागेका छन्।

अदालतले सरकारका कुन कुन निर्णय उल्ट्यायो र कुन कुन होल्ड गर्यो त ?

१. सम्पत्ति छानबिन आयोगविरुद्ध तीन अन्तरिम आदेश
२. नेपाल वायु सेवा निगमको नियुक्ति बदर
३. सरकारी विज्ञापन एकद्वार नीति खारेज
४. विद्यार्थी संगठनका संरचना विश्वविद्यालयबाट हटाउने निर्णयमा अल्पकालीन अन्तरिम आदेश जारी
५. पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा दम्पतीलाई पक्राउ नगर्न अन्तरिम आदेश
६. एक सय रुपैयाँ वा सोभन्दा बढीको सामानमा भन्सार राजश्व लिँदा सम्मानपूर्वक व्यवहार गर्न अन्तरिम आदेश
७. सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई प्रक्रिया पुयाएर मात्र हटाउन अन्तरिम आदेश
८. कर्मचारी ट्रेड युनियन खारेजमा सुरुमा अल्पकालीन अन्तरिम आदेश र पछि खारेज
९.महान्यायाधीवक्ताको योग्यतासम्बन्धी मुद्दामा यात्राको विवरण माग
१०.पूर्वमन्त्री दिपक खड्का पक्राउ बदर
११.पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको मुद्दामा परमादेश जारी
१२. लुम्बिनी प्रदेशसभा सदस्य रेखाकुमारी शर्मा रिहा
१३. रास्वपा सभापति रवि लामिछानेको मुद्दा अभियोग संशोधनविरुद्ध गम्भीर संवैधानिक व्याख्या आवश्यक भनी पूर्ण इजलासमा पेस

सरकारका १३ वटा निर्णय न्यायीक परीक्षणका क्रममा अदालत पुगेका थिए। संविधानविपरीत सम्पति विवरण मागको मुद्दामा सर्वोच्च पुगेका पूर्वन्यायाधीश फोरमका अध्यक्ष टोपबहादुर सिंहले सरकारबारे कान्तिपुरसँग भन्नुभयो, 'न्यायाधीश नै न्याय माग्न जान पर्यो। सम्पत्ति माग्न कानुन हुनुपर्यो। बलियो सरकारले यस्ता काम गर्न सक्छ। सिद्धान्त र न्यायिक रक्षाको लागि हो। गैर संवैधानिक रुपमा मागियो।'

सर्वोच्चका निर्णय सरकारबाट होल्ड भएको विषयमा वरिष्ठ अधिवक्ता टिकाराम भट्टराई भन्नुहुन्छ, 'सरकारले संविधान र कानुनको पालना नगरेको र मौलिक हकमाथि अतिक्रम गरेको अवस्थामा सर्वोच्च अदालतले अन्तरिम आदेश दिने गरेको छ अहिले भएका आदेशलाई त्यसकै निरन्तरता मान्नुपर्छ।'

# रौतहट प्रहरीद्वारा एकै दिन ९ जना फरार प्रतिवादी पक्राउ

रौतहट, ३१ असार। जिल्ला प्रहरी कार्यालय रौतहटद्वारा सञ्चालित फरार प्रतिवादी पक्राउ विशेष अभियान अन्तर्गत एकै दिनमा ९ जना प्रतिवादी पक्राउ परेका छन्। विभिन्न मुद्दामा जिल्ला अदालत रौतहटले दण्ड सजाय तोकिएर पनि लामो समय देखि लुकिछिपी बस्दै आएका उनीहरूलाई मंगलवार जिल्ला प्रहरी तथा मातहतमा युनिटहरुले जिल्लाको विभिन्न स्थानबाट पक्राउ गरी कारबाहीको दायरामा ल्याएको हो।

जिल्ला प्रहरी प्रवक्ता डिएसपी बसन्त गौतमका अनुसार पक्राउ पर्नेहरूमा चेक अनादर मुद्दामा विष्णुदेव साह,विवेक मणि यादव,विकास कुमार, आशनारायण साह,रतेश कुमार मिश्र, रहेका छन्। त्यस्तै चोरी तथा डाँका मुद्दामा लक्ष्मी प्रसाद चौधरी, लक्ष्मी प्रसाद चौधरी, लक्ष्मी प्रसाद चौधरी, लक्ष्मी प्रसाद चौधरी, रहेका छन्। अदालतले तोकेको २ वर्ष कैद भुक्तान र २७, हजार जरिवाना असुल को लागी मंगलवार नै जिल्ला अदालत रौतहटमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय रौतहटको सूचनामा उल्लेख गरिएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार:** कृष्ण प्रसाद ढंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)